म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२७ मगलबार, ८ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 23 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

- आगो तथा हिटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं । आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'सरकार कठोर बन्नुपर्छ तर, निर्दयी बन्नु हुँदैन'

# उज्यालो पार्टीले हेटौंडा सहर अँध्यारो बनाइदियो: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले अहिले हेटौंडा बजार मानवबिनाको सहर जस्तै भएको बताएका छन् ।

व्यवस्थापनबिना नै सरकारले हेटौंडा बजार भत्काएर प्रेतआत्माको सहर बनाइदिएको उनको आरोप थियो । प्रथम जननिर्वाचित प्रधानमन्त्री स्व. विश्वेश्वर प्रसाद कोइरालाको स्मृतिमा स्थापना गरिएको बाचनालय र कांग्रेस मकवानपुरका संस्थापक सभापति स्व. सूर्यबहादुर डिमडुङको स्मृतिमा निर्मित तीन कोठे भवनको सोमबार उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले अव्यवस्थित सडक विस्तारका कारण सहर कुरुप बनेको बताए । उज्यालो नेपाल पार्टीलाई कटाक्ष गर्दै नाम उज्यालो भएको पार्टीले हेटौंडालाई अँध्यारो बनाएको उनले टिप्पणी गरे ।



मुख्यमन्त्री बानियाँले व्यवस्था चलाउन सरकार कठोर बन्नुपर्ने भएपनि निर्दयी बन्न नहुने बताए । हेटौंडा बजारको अवस्था अहिले कहालिलाग्दो भएको बताउँदै उनले हेटौंडाबासीलाई समाधान दिन जरुरी रहेको उल्लेख गरे । 'बजार क्षेत्रमा व्यापारिक गतिविधि ठप्पप्राय: छन् भने सर्वसाधारणको दैनिकी अस्तव्यस्त बनेको छ' मुख्यमन्त्री बानियाँले भने, 'व्यवस्था चलाउन सरकार कठोर हुन सक्छ तर, निर्दयी हुनु हुँदैन ।' हेटौंडाबासीलाई तत्काल राहत र दीर्घकालीन समाधान दिनु सरकारको दायित्व भएको उनले उल्लेख गरे । मुख्यमन्त्री बानियाँले सडक विस्तारको नाममा पूर्वतयारी, विकल्प र क्षतिपूर्तिबिनै संरचना भत्काउँदा सर्वसाधारण मर्कामा परेको बताए ।

अन्यौलमा परेको हेटौंडा बजारलाई निकास दिन तीनवटै तहका सरकारले साझा समाधान खोज्नुपर्ने र स्पष्ट कार्ययोजना बनाएर अघि बढ्नुपर्ने मुख्यमन्त्री बानियाँको धारणा छ । एक तहको निर्णयले मात्र समस्याको समाधान नहुने र साझा कार्ययोजना आवश्यक रहेको उनले बताए । अन्यौलमा रहेको हेटौंडा बजारलाई तीनवटै तहको सरकारले निकास दिनुपर्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले पछिल्लो समय प्रतिशोधको राजनीति देखापर्न थालेको बताए । अप्ठ्यारो परेको बेला संघर्ष गर्ने नेतृत्व नदेखिएको उनले जिकिर गरे । नेपाली कांग्रेसभित्र राजनीतिक सहनशीलता र धैर्यता घट्दै गएको उल्लेख गर्दै उनले पार्टीलाई पुनर्जीवित र पुनर्जागृत गर्नुपर्ने आवश्यकता औंल्याए ।

नेपाली कांग्रेस विभाजन हुन्छ भन्ने डर महाधिवेशनको कार्यतालिका सार्वजनिक भएसँगै समाप्त भएको उनले दाबी गरे । कांग्रेस अहिले नियमित अधिवेशन प्रक्रियामा प्रवेश गरिसकेको पनि उनले बताए । कांग्रेस अहिले संगठन सुदृढीकरणतर्फ केन्द्रित भएको उनको भनाइ छ । मुख्यमन्त्री बानियाँले एकदलीय पञ्चायती व्यवस्थाविरुद्ध संघर्ष गरेर लोकतन्त्र स्थापना गर्न कांग्रेसको ऐतिहासिक भूमिका रहेको स्मरण गराए । प्रजातन्त्र र गणतन्त्र प्राप्तिपछि आज सबैले स्वतन्त्ररुपमा बोल्न पाएको उनले उल्लेख गरे ।

गणतन्त्रमा तोडफोड, पार्टी कार्यालय वा व्यक्तिको घर जलाउने कार्य कुनै हालतमा स्वीकार्य नहुने मुख्यमन्त्री बानियाँले जिकिर गरे । 'लोकतन्त्रको मर्म भनेको संवाद, सहमति र जनउत्तरदायित्व हो । गणतन्त्रको नाममा अराजकता, तोडफोड र अव्यवस्था कुनैपनि रुपमा स्वीकार्य हुन सक्दैन' उनले बताए । कार्यक्रममा मुख्यमन्त्री बानियाँले मकवानपुर जिल्लामा नेपाली कांग्रेसलाई चलायमान बनाउन स्व. सूर्यबहादुर डिमडुङले पुऱ्याएको योगदान उल्लेखनीय रहेको बताए । उनका अनुसार डिमडुङको भूमिका जिल्ला तहमा मात्र सीमित नरही केन्द्रीय राजनीतिमा स्थापित रहेको थियो ।

संगठन विस्तार, जनसम्पर्क र राजनीतिक आन्दोलनमा डिमडुङले खेलेको भूमिकाको उच्चमूल्यांकन गर्दै स्मृति भवन निर्माण गरिएको बताइएको छ । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले स्व. डिमडुङको राजनीतिक निष्ठा, त्याग र समर्पणको कदरस्वरुप भवन निर्माण गरिएको जानकारी दिए । प्रदेश सरकारबाट प्राप्त केही आर्थिक सहयोगमा निर्माण गरिएको भवनको पहिलो तलामा तीनवटा कोठा रहेका छन्, जसलाई पार्टी गतिविधि, बैठक, अध्ययन-चिन्तन तथा सामुदायिक प्रयोजनका लागि प्रयोग गरिने जनाइएको छ । कार्यक्रममा नेपाली कांग्रेसका नेता, कार्यकर्ता, शुभेच्छुकको उपस्थिति रहेको थियो ।

# राक्सिराङमा पालिकाबाट सुविधा लिन 'शौचालय कार्ड' अनिवार्य



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले पालिकाबाट सेवासुविधा लिन पूर्ण सरसफाइमा ध्यान दिनु पर्ने शर्त राखेको छ ।

पालिकाले हालै शौचालय परिचयपत्र जारी गर्दै पूर्ण सरसफाइ परिवार नभए सेवाबाट वञ्चितसम्म गर्ने तयारी गरेको छ । पालिकाले राक्सिराङ वडा नम्बर ३ मा दोस्रोपटक शौचालयक कार्ड वितरण गर्दै पालिकाभर यसलाई लागू गरिन लागेको जनाएको छ ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भने, 'पालिकामा ८६ वटा टोलमा यो कार्ड विरतण हुँदैछ, यसपछि पालिकाले शौचालय पत्र नहुनेलाई सेवा नै रोक्ने नीति लिइएको छ ।' पालिका पूर्ण सरसफाइयुक्त बनाउने अभियानका लागि यो नीति लिनु परेको उनले बताए ।

राक्सिराङ-३ को लावती, औले, कोलाङ्तीलाई पूर्ण सरसफाइ उन्मुख तथा सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यक्रम गरेर शौचालय पत्र लागू गरिएको हो । वडाको एउटा विद्यालय र १ सय ३९ घरमा 'एकघर एकधारा एक मिटर एक फिल्टर एक करेसाबारी' अभियान सफल भएको घोषणा गरिएको छ ।

बस्ती पूर्ण सरसफाइ टोल घोषणासँगै शौचालय पत्रलाई अनिवार्य गरिएको हो । आरआरएन संस्थाको सहजीकरणमा स्थानीयको घरमा शौचालय, सरसफाइका लागि मिटर, फिल्टर, करेसाबारी व्यवस्थापनको काम भएको छ ।

'खुला दिशामुक्त घोषणाको १२ वर्ष बित्दा पनि शौचालय बनाउनुहोस् भनिरहन परेको छ,' वडा नम्बर ३ का अध्यक्ष उत्तम वाइबाले भने, 'अब शौचालय कार्ड लागू भएको छ, यो भएन भने तपाईंले पाइरहनु भएको सुरक्षा भत्तासमेत रोक्नुपर्ने हुनसक्छ, त्यसका लागि वडाले सिफारिस नगर्न सक्छ ।'

उनले आफ्नो वडा, बस्ती सरसफाइयुक्त बनाइएको बताए । सरसफाइ अभियानको भवन निर्माणका लागि स्थानीय दलबहादुर स्याङतानले १० धुर जग्गा उपलब्ध गराएका थिए ।

उनी दिवंगत भएपछि पत्नी राममाया स्याङ्तानलाई पालिका अध्यक्ष मल्लले दोसल्ला ओढाएर सम्मान गरे । अभियानका लागि स्थानीय जुटेको र आर्थिक तथा प्राविधिकरुपमा आरआरएनले सहजीकरणले गरेकार बस्ती पूर्णसरसफाइयुक्त उन्मुख भएको समितिका अध्यक्ष बाबुलाल स्याङ्तानले बताए ।

# कीर्ते नागरिकतामा वडाध्यक्ष सहित सात जनालाई कैद सजाय




साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/कीर्ते नागरिकता प्रमाणपत्र तयार गरी झुटा विवरणका आधारमा जग्गा नामसारी गरिएको घटनामा जिल्ला अदालत मकवानपुरले वडाध्यक्षसहित सात जनालाई दोषी ठहर गरेको छ ।

जिल्ला न्यायाधीश पूर्णिमा कोइरालाको एकल इजलासले बकैया गाउँपालिका-४ का वडाध्यक्ष राजन दंगाल, वडासचिव अनिशा श्रेष्ठ, सोमबहादुर न्यासुर, सानुमान थिङ र जमानसिंह भ्लोनलाई जनही दुईवर्ष कैद र २० हजार रुपैयाँ जरिवानाको सजाय सुनाएको छ । त्यस्तै, पूर्णबहादुर भ्लोन र रामबहादुर न्यासुरलाई आठ वर्ष कैद र एक लाख ३० हजार रुपैयाँ जरिवानाको फैसला भएको छ । जिल्ला अदालत मकवानपुरका सूचनाअधिकारी केशवप्रसाद कौशिकका अनुसार दोषी ठहर भएकामाथि नागरिकता सम्बन्धी कसुरतर्फ पाँचवर्ष कैद र एक लाख रुपैयाँ जरिवाना तथा पञ्जीकरण सम्बन्धी कसुरतर्फ तीनवर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना तोकिएको हो ।

अदालतको ठहरअनुसार पूर्णबहादुर भ्लोनले आफ्नी आमाको वास्तविक पहिचान लुकाएर उमादेवी गुरुङलाई आमा उल्लेख गर्दै वडा कार्यालयमा सिफारिस मागेका थिए । त्यसपछि वडा कार्यालयले २०८० मङ्सिर १८ गते सर्जमिन मुचुल्का तयार गर्दा रामबहादुर न्यासुरलगायत व्यक्तिले उमादेवी नै पूर्णबहादुरकी आमा भएको भनी झुटो सर्जमिन गरेका थिए । सोही सर्जमिन र सिफारिसका आधारमा उमादेवीको नाममा रहेको जग्गा पूर्णबहादुरको नाममा नामसारी गरिएको थियो।

तर, मुद्दाको सुनुवाइका क्रममा अदालतले प्रस्तुत प्रमाण र बयानका आधारमा पूर्णबहादुरकी वास्तविक आमा कान्छीमाया भ्लोन रहेको ठहर गरेको हो । अदालतको फैसलापछि दोषी ठहर भई कैद सजाय तोकिएका वडाध्यक्ष राजन दंगाल, पूर्णबहादुर भ्लोन, रामबहादुर न्यासुर र जमानसिंह भ्लोन हाल पुर्पक्षका लागि भीमफेदी कारागारमा रहेका छन् ।

# सक्रिय राजनीति छाड्ने लम्सालको घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य बद्रीप्रसाद लम्सालले सक्रिय राजनीति छाडेर स्वतन्त्र रहने घोषणा गरेका छन् । सामाजिक सञ्जाल मार्फत् आफ्नो इतिहास उल्लेख गर्दै लम्सालले सक्रिय राजनीति र पार्टीबाट बिदा लिने घोषणा गरेका हुन् ।

उनले राजनीतिमा लाग्दाका क्षणबारे उल्लेख गर्दै पार्टीमा गुटबन्दी गर्नुभन्दा स्वतन्त्र हुनु बेस भएको बताएका छन् । लम्सालले अब नयाँ व्यक्तित्वलाई दलमा सक्रिय हुने मौका दिनुपर्ने विचारले राजनीतिबाट बिश्राम लिन चाहेको बताए । राजनीतिक दलमा आबद्धता नजनाए पनि सामाजिक क्षेत्रका काममा भने सक्रिय नै रहने उनले बताए । लम्सालले राजनीतिक यात्रा २०३७ सालमा अनेरास्ववियुमा संगठानिक जीवन सुरुगर्दै विद्यार्थी संगठन, युवा संघ र किसान संगठनको जिल्ला नेतृत्वमा काम गरेको बताउँदै, त्यसपछिका वर्षमा पार्टी कमिटीका विभिन्न तहमा जिम्मेवारी बहन गर्दै जिल्लाको नेतृत्वसम्म पुगेको बताएका छन् ।

उनले २०३७ देखि २०६३ सम्म सबै आन्दोलन र अभियानमा सक्रिय अग्रभागमा रहेर लागेको बताए । उनले विगतमा पार्टीभित्रबाट बिचलन गराउने प्रयास भएपनि अविचलितरुपमा जिम्मेवारी पूरा गर्दै आएको र हाल एक वर्षदेखि एउटै प्रकारको भूमिका मात्र निभाउनुपरेको, जसका कारण नयाँ अवसर नपाउनु र जिम्मेवारीको मूल्यांकन नहुनु जस्ता चुनौतीले उनलाई पार्टीबाट अलग हुने निर्णयमा पुऱ्याएको बताएका छन् ।

लम्सालले आफ्नो निर्णयको कारण प्रष्ट पारेका छन्- राजनीतिक सक्रियता भनेको स्वेच्छिक र अन्तरमनबाट उत्पन्न हुनुपर्ने कुरा हो । अब उनी स्वतन्त्र रुपमा जीवनयात्रा अगाडि बढाउने तयारीमा छन् ।

उनले सबैसँग सहकार्य जारी राख्ने र पार्टीले दिएको अवसर प्रति आभार व्यक्त गर्ने बताएका छन् । लम्सालले २०५४ सालदेखि २०५९ सम्म तत्कालीन जिल्ला विकास समितिको उपसभापति हुँदै एमालेबाट २०६४ मा संविधानसभाको निर्वाचनमा क्षेत्र नम्बर २ बाट उम्मेदवार भएका थिए । उनी तत्कालीन सुकुम्बासी आयोगको अध्यक्ष रहेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'कानुन बनाएर गाँजाखेती'

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले कानुन बनाएर मकवानपुरका किसानलाई गाँजाखेती गर्न दिइने बताएका छन् । कानुन बनाएरै गाँजाखेतीलाई वैद्यता दिनुपर्ने बताउने मुख्यमन्त्रीलाई कानुन बनाउन कसैले पनि रोको छैन । यही कुरा बिगतमा बिरोध खतिवडाले पनि भनेका थिए । चुनावको समयमा बिकट बस्तीमा गएर आस्वासन बाँढ्ने काम भन्दा बाहेक सिन्को पनि भाँचिएको छैन । ग्रामीण क्षेत्रका निरीह किसानलाई गाँजाखेतीको आशा देखाएर 'मनको लड्डु घीउसँग' भन्ने उखान मात्र हो । तिनै माननीयहरुले गाँजाबाट बनेको कोट लगाएर हिडिरहेको कुरा पनि मुख्यमन्त्री बानियाँले गरेका छन् । यो सबै भाषणका लागि बोलिने शब्द हुन् । यतिबेला मकवानपुरको कैलाश र राक्सिराङका सयौं युवा गाँजा बोकेको अभियोगमा भीमफेदी कारागारमा छन् । गाँजाको ब्यापारी अहिलेसम्म पक्राउ पर्न सकेको छैन केवल २/४ हजार हातपर्ने लोभमा भारी बोक्न तम्सिएका युवा कारागार पुगेका छन् । गाउँलेले गरेको गाँजाखेती पनि बेलाबेलामा प्रहरी गएर सिनित्तै फाँड्ने गरेको छ । मुख्यमन्त्री बानियाँले स्थानीय तहसँगको सहकार्यमा आगामी वर्ष कोदो, मकैको घरेलु रक्सीलाई वैधानिकता प्रदान गर्ने आश्वासन पनि बाँडेका छन् । यो सबै आश्वासन बाँड्नुभन्दा पहिला प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने कानुन संशोधन गर्नतिर लाग्दा राम्रो हुने थियो । भाषण ठोक्दैमा पदावधि सकिन्छ अनि 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भनेझैं हुनेछ । प्रदेश सरकार प्रमुख भएको समयमा केही नयाँ कामको सुरुवात गर्दा राम्रो हुन्छ ।

गाँजाखेतीलाई बैधानिकता दिने कानुन बनाउन धेरै ठूलो चुनौती पनि छैन । किनभने २०३० साल अघि नेपालमा गाँजाखेतीका लागि पञ्चायती सरकारले इजाजतपत्र दिने गरेको थियो । करिव ५ दसक अघिसम्म बैधानिक भएको गाँजाखेती अन्तर्राष्ट्रिय समुदायको दवाबमा तत्कालीन नेपाल सरकारले प्रतिबन्ध लगाएको हो । खासगरी त्यतिबेला अमेरिकी दवाबका कारण नेपालमा गाँजाखेतीमा प्रतिबन्ध लगाइएको थियो । सन् १९६१ मा संयुक्त राष्ट्रसंघको सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि 'सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग १९६१' पारित गरेको थियो । जसले गाँजालाई लागुऔषध मान्दै प्रतिबन्ध लगाउने अवस्था सृजना भयो । नेपालले यो अभिसन्धिमा हस्ताक्षर गरेपछि सन् १९७६ मा लागुऔषध नियन्त्रणसम्बन्धी कानुन बनायो र गाँजाखेतीलाई अबैध भन्दियो । त्यसमा गाँजाखेती, भण्डारण, सेवन र बिक्री वितरणलाई अवैधानिक र दण्डनीय अपराध मानियो । पाँचचोटी संशोधन भइसकेको यो ऐनले २५ बोट गाँजाखेती गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना तोकेको छ । सोभन्दा बढी गाँजाखेती गर्नेलाई तीनवर्षसम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने प्राबधान राखेको छ । यो ऐनअनुसार ५० ग्रामसम्म गाँजा साथमा राखेको खण्डमा तीन महिनासम्म कैद र तीन हजार रुपैयाँसम्म जरिवाना हुनसक्छ । गाजा आफैमा एक विवादित बिषय मानिन्छ । नेपाली समाजमा गाजालाइ छि छि र थु थु को नजरले हेरिँदै आएको छ । गाजा खाएपछी मान्छे बिग्रन्छ भन्ने सोच जनमानसमा पहिल्यै देखि रहिआएको छ । नेपालमा गाँजालाइ बैधानिकता दिएपछी ठूलो संख्यामा युवा यसको लतमा फस्ने र ठूलो जनशक्ति अनुत्पादक हुन्छन् भन्ने तर्क राज्यको छ । विभिन्न कारणले गर्दा अहिलेसम्म गाँजालाइ बैधानिकता दिइएको छैन । गाँजा विशेषगरी दुखाइ, चिन्ता, अनिद्रा, मिर्गी, मनोविकृत (साइकेटिक्स), जोर्नीदुख्ने (अर्थराइटिस) जस्ता रोगको लागि प्रयोग गरिन्छ । गाँजाको पात पिसेर यसको बीउ घिउमा भुटेर खाएमा क्यान्सरका कोष नष्ट गर्ने तथ्य छ । नाकबाट पानी बगिरहने, शीघ्र स्खलन, झाडापखाला, अत्यधिक पीडा, मानासिक रोगीका लागि यो एकदम उपयोगी मानिन्छ । यसको फल अर्थात् भाङको अचार (चट्नी) बनाएर खाने चलन यद्यपि ग्रामीण क्षेत्रमा कायमै छ । गाँजाको पातको रस निकाली अर्क बनाएर कानमा दुईतीन थोपा हाल्दा टाउको दुखेको निको हुन्छ । गाँजाको चूर्ण बनाई मरिचको धूलोसँग मिलाएर बिहान बेलुका चाट्नाले खानामा रुचि बढ्छ र भोक लाग्छ । गाँजालाई अन्य औषधिसँगै मात्रा मिलाएर लिएमा त्यसले यौनशक्ति पनि बढाउँछ ।

गाँजाको पातको चूर्ण बनाई काटेको वा अन्य घाउमा लगाए, घाउ छिट्टै निको हुन्छ । गाँजाको बीउको तेलले मालिस गर्दा जोड्नी दुखाइ कम हुन्छ । गाँजाको चूर्ण एकमात्रा, अदुवाको धूलो दुईमात्रा र जीराको धूलो चारमात्रा मिलाएर बनाएको मिश्रणले कोलाइटिस वा मासी ठीक हुन्छ । गाँजाखेती भएको ठाउँमा कीरा लाग्दैनन् । यसको रेसाबाट महँगो कपडा बन्छ । यसबाट बनेको कपडाको प्रयोगले शरीरमा छालाको रोग लाग्दैन । यसमा एउटा लठ्याउनेबाहेक अन्य अवगुण नभएको र विश्वमा आजसम्म गाँजा खाएर मान्छे मरेको तथ्यांक खासै देखिएको छैन । गाउँघरमा अहिले पनि किसानले गाईगोठसँग गाँजाखेती गर्ने गरेको र वस्तुभाउले छेरेमा, पेट फुलेमा वा पेटका अन्य समस्या भएमा वा खान नरुचाएमा गाँजालाई औषधिकारुपमा प्रयोग गर्छन् । धार्मिक दृष्टिकोणले हेर्ने हो भने शिवजीको बुटी भनेर गाँजालाई चिनिन्छ । त्यसैगरी पूजापाठमा यसको प्रयोग गरिन्छ । हामीले गाँजाको प्रयोग भन्नेबित्तिकै धूवाँ लिने वा गँजेडी भन्ने बुझाइ छ । गाँजासेवनबाट बेफाइदा हुन्छ तर, त्यसलाई कसरी प्रयोग गर्ने ? भन्ने विषयमा जानकार हुनुपर्छ । यसलाई कसरी प्रयोग गर्ने, कुन ठाउँमा खेती गर्ने भन्ने कुरामा सतर्कता अपनाउनु पर्छ । धार्मिकग्रन्थमा गाँजालाई जडिबुटीको रुपमा उल्लेख गरिएपनि राज्यको कानुनले गाँजालाई लागुऔषध भन्ने गरिएको मुख्यमन्त्री बानियाँले बताएका छन् । जनतालाई गरिखाने बनाउन पनि कानुन बनाएर गाँजाखेतीलाई व्यवसायिकरुपमा अगाडि बनाउनुपर्नेमा उनले जोड दिएका छन् । मुख्यमन्त्री बानियाँले स्थानीय तहको प्रभावकारी निगरानीमा कानुनी दायरमा ल्याउने गरी गाँजाखेतीलाई जनताको उन्नति र प्रगतिसँग जोड्नुपर्ने बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ९ गते बुधबार २४ डिसेम्बर २०२५ । चतुर्थी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५३ सूर्यास्त ५:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भूमिबाट लाभ लिने समय छ | तुला | : लेनदेनमा विवाद हुनेछ |
| वृष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | वृश्चिक | : धार्मिक कार्यले फाइदा हुनेछ |
| मिथुन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : काममा परिवारकोसहयोग मिल्नेछ | मकर | : दिन उत्साहपूर्ण बन्नेछ |
| सिंह | : स्वास्थ्यमा कमजोरी हुनेछ | कुम्भ | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कन्या | : उपचारमा खर्च हुनेछ | मीन | : व्यावसायिक यात्राकोसम्भावना छ |

# बचत तथा ऋण सहकारी अभियान: अपेक्षा र यथार्थ



✍चन्द्र प्रसाद ढकाल

समुदायको वित्तीय सहयात्रीका रूपमा बचत तथा ऋण सहकारी स्थापित भएको सिद्ध भएको छ । पुग नपुग चार दशकको अभियान सुदृढ बन्दै गएको छ । नयाँ-नयाँ समस्या र नयाँ-नयाँ समाधान पनि विकास हुँदै गएका छन् । बचत तथा ऋण सहकारीको संख्या धेरै छ । समस्या पनि धेरै छ । सोचेका, नसोचेका समस्याहरू छन् । सहयोग पनि सरोकारवालाहरूको रहेको छ । चार दशकको इतिहासमा चारवटा त ऐन नै सहकारीका नाममा आएका छन् । नियमावली तथा निर्देशनहरू वृहत छन् । अभ्यासहरूले पनि धेरै कुरा सिद्ध गरेको छ । बचत तथा ऋण सहकारी अभियान आज सशक्तताको यात्रामा निस्किएको छ । टोल टोलमा बचत तथा ऋण सहकारी छ । भूकम्प, कोभिड, आर्थिक मन्दी आदि झेलेर यो अभियान आजको अवस्थामा आएको छ ।

बचत तथा ऋण सहकारीहरूलाई सहकारी सिद्धान्तले दिशा बोध गरेको छ । संविधानले सहकारीलाई आर्थिक व्यवस्थाको फरक स्वरूपमा स्वीकार गरेको छ । ऐनमा पनि वृहत व्यवस्था छ । जनताले पनि यसलाई स्वीकार गरेको देखिन्छ । सजिलो, असजिलो सबै सन्दर्भमा बचत तथा ऋण सहकारी समुदायको वित्तीय साथी बनेको छ र आधुनिक समाजमा आर्थिक प्रणालीको आधारका रूपमा स्थापित हुँदै गएको छ ।

### संस्थागत विकास

बचत तथा ऋण सहकारीहरूको स्थापना चार दशकअघि भए पनि संस्थागत विकासमा सरकारमा बस्नेहरूको सोच तथा अभियानकर्मीहरूको कार्यक्षमताले र योजनामा परेको प्रभावका कारण संस्थागत, ढाँचा, नीतिगत व्यव्स्था र विकासको गतिमा विविधता आयो । खुल्ला र बन्द दुबै अर्थ व्यवस्थामा सहकारी देखियो र सीमान्तकृत समुदायसँग नै सहकारी रहेको पाइयो । जब-जब सहकारीमा शक्तिका पुजारी, पैसाका मालिक र राजनीतिका खेलाडीको भूमिका बढ्यो, सहकारिता कमजोर बनेको अनुभव गरियो । सहकारी जनताको संगठनका रूपमा नै राम्रो भएको पाइयो । सहकारीले राज्यको दायित्व वा निजी क्षेत्रको नाफाको विधिभन्दा पनि मौलिक सहकार्य, अरुको हेरचाह वा एकका लागि सबै र सबैका लागि एकको अवधारणामा नै सफल भएको पाइयो ।

समुदायले खुल्ला अर्थव्यवस्थाको सहकारीमा जन्मदेखि मृत्युसम्म भूमिका देख्यो । वित्तीय सहयात्रीका रूपमा सुदृढीकरणका लागि योगदान गरेका कारण आजको अवस्थासम्म आयो । अपेक्षित नभए पनि समुदाय स्तरमा सहकारीहरूको संस्थागत विकास अरु सामुदायिक संस्था भन्दा राम्रो भयो र भइ रहेको पनि छ । समाज सहकार्यका लागि बन्छ र सहकार्यबाट नै सहकारी जन्मिन्छ । आज समाज जस्तो छ, सहकारी पनि उस्तै छ । सहकारीको संस्थागत विकासमा सरकार, समुदाय तथा सञ्जालको अवश्य नै महत्वपूर्ण भूमिका छ ।

सहकारीमा आधुनिकरूपमा सहकार्यको संस्थागत स्वरूप विकास भयो । राज्यको लगानी विना सहकारीहरू सबल र सुदृढ बन्दै गए । स्वार्थी मानिसहरूले सहकारीका नाममा छद्म भेषमा चलाएका सहकारीहरू आज समस्यामा पनि परे । सदस्यहरूको बचत फिर्ता हुन सकेन । जीवनको आशको दीप निभ्यो । सरकार मूकदर्शक भएको जस्तो देखियो । अभियान जिम्मेवार बन्ने संस्थागत आधार बन्न सकेन । जोखिम आज पनि उस्तै छ । संसारभर सामुदायिक बैंकका रूपमा विकास भएको बचत तथा ऋण सहकारी नेपालमा शंकाको घेरामा उभिन बाध्य भयो । राज्य वा निजी क्षेत्रको विकल्प नभई परिपूरकका रूपमा विकास गर्नुपर्ने सहकारीलाई सरकारले सही नीति दिन सकेन । जुन गतिमा संस्थागत विकास हुनु पर्ने हो, त्यो हुन सकेन । वित्तीय क्षेत्रको सेवा प्रवाहको अपेक्षित संस्थागत विकास हुन नसक्दा सहकारीहरू कमजोर भएको भान हुन गयो । जुन विषय आज पनि सरोकारवालाहरूको प्राथमिकतामा परेको छैन ।

### रुढिवादी नियामक

नेपालले बचत तथा ऋण सहकारीहरूको नियामकीय सोच खुल्ला र सहकारी मैत्री कहिल्यै पाउन सकिएन । वित्तीय सहकारीहरूको हकमा त परम्परागत बैंकिङका विद्धानहरूको बासी ज्ञानको विरासतको शिकार बन्न बाध्य भयो । प्रजातन्त्रपछिको खुल्ला समाजमा पनि सहकारीको व्यावसायिक संकुचनको वकालत र संरक्षण नियामकको जिम्मेवारी भयो । जनताका लागि जनताबाट विकास गरिएको र योगदान भएको सहकारी संस्था सामुहिक सोचमा चलेको कतिपयलाई पनि राम्रो लागेन ।

वित्तीय क्षेत्रको नियामक केन्द्रीय बैंक सहकारीको संरक्षक बन्न कहिल्यै सकेन । जहिले पनि सहकारीलाई सौतेनी व्यवहारको प्रवर्द्धन गरेर बौद्धिक विलासितामा समय बितायो । राज्यको जिम्मेवार निकायले दशकौंसम्म नियमन गर्न नसकिने तर्क गर्दै कानून नभएको बहानामा समय बितायो । वित्तीय सहकारीलाई क्षमताका आधारमा विकास गर्न नदिएर सधैं नियामकीय दोधारमा राखियो । स्वनियमनलाई भाषणको विषय बनाइए पनि नियामकबाट कहिल्यै स्वीकार गरिएन । स्वनियमनका आधारमा गरिएको विकासलाई सहकारी सिद्धान्तभन्दा बाहिरको व्यवहारका रूपमा परिभाषित गरियो । सहकारीको व्यवसायिक ढाँचाको आन्तरिकीकरण हुन सकेन । सहकारीको स्वयत्ततालाई उपहासको विषय बनाइयो ।

नियामकको मुखबाटमा कुनै पनि दिन सहकारीको राम्रो कुरा सुन्न पाइएन । नियमनको क्षेत्रमा व्यक्तिगतरूपमा भएका प्रयासहरूले संस्थागत स्वरूप पाउन सकेन । वित्तीय क्षेत्रको नेपाल सरकारको सल्लाहकार अनवरतरूपमा सहकारीप्रति अनुदार रहिरहनाले नाफामूलक ढाँचाहरूको संरक्षण र गैरनाफामूलक ढाँचाहरूले तिरस्कारको व्यवहारको सामना गर्नु परेको इतिहास बन्यो । विश्वभरका सहकारीका असल अभ्यास आन्तरिकीकरण हुन सकेन र बचत तथा ऋण सहकारी अभियान आजको अवस्थामा आयो ।

आज एउटा बचत तथा ऋणको प्रारम्भिक सहकारीले तिरेको करभन्दा कम स्रोत सहकारी मन्त्रालयमा विनियोजन भएको अवस्था छ । करको दर निरन्तर बढेको छ । सहकारी ऐनमा नै लेखेको करको दर कार्यान्वयन गर्न पनि सरकार तयार छैन । सरकारले सहकारीलाई निजी वा गैरसरकारी संस्थालाई हेर्ने आँखाबाट हेरेर व्यवस्थापन गर्न खोजेको छ, जुन सोच नै रुढीग्रस्त एवं परम्परागत छ । कानूनको भण्डार छ तर कार्यान्वयन शून्य प्राय: छ । नियामकको संख्या असंख्य नै भन्दा हुन्छ तर प्रभावकारिता शंकाको घेरामा छ । समयमा नै सोचिएन भने सहकारी क्षेत्रको संरक्षण कठिन बन्न सक्छ । त्यसैले आजको पहिलो आवश्यकता भनेको रूपान्तरणकारी नियामक नै हो । सरकारविना सहकारीले एक्लै विकास गर्न सक्दैन । यसका लागि अभियान मैत्री सरकार आजको आवश्यकता हो ।

### स्वच्छन्द अभियान

सहकारी सिद्धान्त, मूल्य, मान्यता र आर्दश बचत ऋणका सबै अभियानकर्मीहरूले आत्मसाथ गर्न सकेनन् । वित्तीय क्षेत्रमा आउन सक्ने जोखिमलाई नजरअन्दाज गरेर नाफाकेन्द्रित व्यवहार यस अभियानमा देखियो । सञ्चालनमा स्वनियमन कमजोर भयो । आपसमा मिलेर संघमार्फतको नियमन पनि हुन सकेन । स्वनियमनलाई स्वच्छन्दताका रूपमा बुझियो र व्यवहार गरियो । व्यक्ति वा समूहलाई मनमा लागेको निर्णय गर्ने विषयमा स्वनियमन हुन पुग्नु दुर्भाग्यपूर्ण रह्यो । बचत तथा ऋण सहकारी अभियानको आकार बढ्दै जाँदा जोखिम बढ्यो । सदस्यहरूको नियन्त्रण कमजोर हुन पुग्यो । नियामक निकाय मूकदर्शक भएर बस्यो वा गरेको अनुगमनले पनि स्वच्छन्दता बढायो । सहकारीमा सबै विषयमा स्वनियमन प्रभावकारिताको विषय भए पनि तालिम शिक्षामा मात्र कार्यान्वयन भयो र औपचारिक वा अनौपचारिक क्षेत्रका कमजोरीहरूलाई अवसरका रूपमा उपयोग गरियो । नियन्त्रण हुन सकेन ।

साधारण सभा प्रभावकारी हुन सकेन । साधारण सभालाई सदस्यको सभाभन्दा नियामकको औपचारिकताका रूपमा विकास गरियो । लेखा सुपरीवेक्षण समिति आन्तरिक लेखा परीक्षणमा भन्दा पनि भागबण्डामा आधारित हुन पुग्यो । बचत तथा ऋण सहकारीको सम्बन्धमा ऐनमा कल्पना गरिएको संरचना नै प्रभावकारी नभई स्वनियमनका नाममा स्वच्छन्द हुन पुग्यो । अभियानमा भएको स्रोतमा पनि केन्द्रीकृत परिचालनले जोखिम हुनाले बजारमा समस्या आऊँदा संस्थाहरू कमजोर भए । त्यसको असर सदस्यहरूको बचत जोखिममा पर्न गयो र अभियानको छवि धुमिल हुन गयो । सहकारीमा कार्यान्वयन हुनुपर्ने स्तरीय स्वनियमन र कानून परिपालनामा हामी जिम्मेवार बन्नै पर्छ । सहकारीहरू जनताका स्रोत परिचालन गर्ने संस्था भएकाले यसमा वित्तीय अनुशासन कडा हुन आवश्यक छ ।

### अभियानको सक्षमता

सहकारी क्षेत्रले वास्तविक तथ्याङ्क बनाउन र पाउन सकिने छ । यसको जिम्मा कसैले लिएन । राज्य संघीय संरचनामा जानुअघिका डाटाहरूका आधारमा काम गर्नु परिरहेको छ । आज बचत तथा ऋण सहकारी अभियानमा देशको कुल बचतको २० प्रतिशतको हाराहारीमा बचत पुगेको अनुमान छ । खण्डीकृत डाटाहरूलाई समष्टिगतरूपमा हेर्दा बचत तथा ऋण सहकारी अभियानमा ६० लाखको हाराहारीमा सदस्यहरू आवद्ध भएको पाइन्छ । अभियानको कुल जगेडाको कोष मात्र हेर्दा पनि दुईवटा वाणिज्य बैंकलाई आवश्यक पर्ने पुँजीभन्दा अधीक रहेको छ । सदस्य र पुँजीमा बचत तथा ऋण सहकारी क्षेत्र सुदृढ बन्दै गएकोमा शंका छैन । बचत तथा ऋण सहकारीहरूको संस्थागत विकास र सहकारी मैत्री व्यावसायिक वातावरण विकासमार्फत सदस्यहरूको बचतको सुरक्षा नै आजको प्राथमिकता हो । सबै स्थानीय तहमा सहकारी पुगेको अवस्था छ । पहुँचका आधारमा पनि सहकारी अरु संस्थाहरू भन्दा सक्षम छ ।

आज सहकारी क्षेत्रले विश्वासिलो प्रविधिमा आधारित वित्तीय सेवाप्रवाहको ढाँचा विकास गर्न नसकेको र नियामकले सहयोग गरेर विकास हुन दिने वातावरण पनि नभएको अवस्थामा भावी दिनहरूमा सदस्यहरूको निरन्तरता, वित्तीय कारोवारको निन्तरता र प्रविधिमा आधारित सेवा प्रवाहको क्षमता विकास आजको चुनौतीका रूपमा रहे पनि स्थापना कालदेखि आजसम्म बचत तथा ऋण सहकारीहरू समुदायमा आधारित जनताका वित्तीय संस्थाका रूपमा विकास भएको पाइन्छ । आज बचत तथा ऋण सहकारीहरू व्यवसायिक निरन्तरता दिन प्रविधिको आन्तरिकीकरण गर्न वा वित्तीय बजारका चुनौतीहरू सामना गर्ने सक्षमता राख्छन् ।

### सुदृढ अभियान

बचत तथा ऋण सहकारीहरूको सुदृढीकरण भएको कानूनको पूर्ण परिपालना र जति सक्दो छिटो बचत तथा ऋण सहकारी ऐनको विकासबाट मात्र सम्भव छ । आजको समस्या भनेको भएको ऐन पनि विधायिकी मनसाय अनुसार कार्यान्वयन हुन नसक्नु नै हो । सहकारी ऐनका सबै दफाहरू ऐनको भावनाअनुसार नै कार्यान्वयन हुन आवश्यक छ । सहकारी ऐन २०७४ बमोजिम कार्यान्वयन शुरु गरेका अवयवहरूले पनि सहकारी मैत्री व्यवहार र आचरण देखाउन आवश्यक छ । नियामक निकायहरूको जन्म बचत तथा ऋण सहकारीहरूको विकास भएको कारण भएको हो, न कि नियामकहरू भएका कारण बचत तथा ऋण सहकारीको विकास भएको । बचत तथा ऋण सहकारी अभियान आफ्ना सदस्यहरूप्रति जिम्मेवार बन्नै पर्छ । कानून परिपालन गर्नै पर्छ र नयाँ-नयाँ व्यवसायिक सोचहरूको विकास र कार्यान्वयन गर्नैपर्छ । सरकारी निकायहरूले पनि सहकारी मैत्री कार्यान्वयन ढाँचा विकास गर्न र बचत तथा ऋण सहकारी विकासमा योगदान गर्ने सबै सरोकारवालाहरूको भावना समेटेर अघि बढ्न आवश्यक छ ।

सहकारी ऐनले नयाँ विकास गरेका अवयवहरूले अभियानको संस्थाहरूलाई प्रतिस्पर्धीका रूपमा व्यवहार गर्न आवश्यक छैन । अभियान सरकारको प्रतिस्पर्धी होइन, परिपूरक हो र यो निरन्तर रहिरहने छ । आजसम्म यस अभियानले गरेको योगदानको अवमूल्यन गरेर नियमन वा कारवाहीले मात्र सदस्यहरूको बचत सुरक्षित हुन सक्दैन । बचत तथा ऋण ऋण सहकारी अभियानको विकासमा सरकारको भन्दा जनताको योगदान बढी छ ।

नवगठित संस्थाहरूको ध्यान सहकारी संरक्षणमा जान आवश्यक छ । अभियान सहयोग गर्न तयार छ । यसका लागि अभियानलाई राज्यले पनि सही पहिचान दिन आवश्यक छ । साँघुरो घेराबाट सहकारीको वृहत लक्ष्य पूरा हुन सक्दैन र बचत तथा ऋण सहकारीहरू नरहने हो भने नियामक पनि रहँदैन । नियामक र अभियानको लक्ष्य सक्षम र सुरक्षित बचत तथा ऋण सहकारी अभियान हुन आवश्यक छ । बचत तथा ऋण सहकारी अभियान बचाउने अवको बाटो भनेको सहकारी सिद्धान्त र वित्तीय अनुशासन स्वनियमनमार्फत कार्यान्वयन नै हो । आजको स्तरसम्म विकास भएको बचत तथा ऋण सहकारी अभियान अझ सुदृढ बनाउन अभियान एक ठाउँमा आउन आवश्यक छ । यसका लागि अभियानको पहिचान र जिम्मेवारी तोकिनु पर्दछ ।

*(साभार: अनलाइनखबर)*

# वैकल्पिक राजनीतिक शक्ति: मिलेर जित्ने वा एक्ला एक्लै सकिने ?



✍राजेश विद्रोही

आज नेपालको राजनीतिक परिवेश निर्णायक मोडमा उभिएको छ । पछिल्लो समय देखिएको परम्परागत राजनीतिक दल, नेतृत्व र शासन संस्कारप्रति जनआक्रोश कुनै एक घटना वा समयको उपज होइन । यो दशकौंको निरन्तर असफलता, भ्रष्टाचार, अकर्मण्यता र जनअपेक्षाको अवमूल्यनको परिणाम हो । यही कारण आज देशलाई नयाँ अनुहारभन्दा पनि विश्वसनीय, कार्यमुखी र परिणाम दिन सक्ने वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता गम्भीर रूपमा महसुस हुन थालेको छ ।

यो आवश्यकता कुनै नाराका लागि होइन । सत्ता परिवर्तनको औपचारिकताका लागि पनि होइन । बरु राज्य सञ्चालनको सोच, प्राथमिकता र संस्कार नै बदल्ने ऐतिहासिक माग हो । यही पृष्ठभूमिमा कुलमान घिसिङ, बालेन साह, हर्क साम्पाङ, रवि लामिछाने (रास्वपा) तथा जेनजी लगायत केही नयाँ राजनीतिक धाराका नेतृत्वप्रति जनआकर्षण तीव्र रूपमा बढ्दै गएको देखिन्छ । यस्तो आकर्षण कुनै संगठित राजनीतिक अभियानको परिणाम होइन । काम, साहस र इमानदारीले जन्माएको जनआशा हो ।

### संगठनभन्दा अघि जनविश्वास

आजको वैकल्पिक राजनीति संगठनभन्दा बढी विश्वासमा टिकेको छ । कुलमान घिसिङले लोडसेडिङ अन्त्य गरेर देखाएको प्रशासकीय दृढता, बालेन साहले काठमाडौं महानगरमा देखाएको निर्णय क्षमता, हर्क साम्पाङले धरानमा देखाएको जनसहभागितामूलक विकासको अभ्यास तथा रवि लामिछानेले पुराना दलविरुद्ध उठाएको वैकल्पिक राजनीतिक स्वर–यी सबैले एउटै सन्देश दिएका छन् । अर्थात् परम्परागत शैलीभन्दा फरक तरिकाले पनि राजनीति गर्न सकिन्छ ।

यो सन्दर्भमा एउटा यथार्थलाई बेवास्ता गर्न मिल्दैन । जनताको समर्थन व्यापक भए पनि त्यो पूर्ण रूपमा संगठित भने छैन । धेरै नागरिक परिवर्तन चाहन्छन् । भोट दिन तयार छन् । तर अनिवार्य रूपमा कुनै एक दलको संरचनामा बाँधिन भने चाहँदैनन् । आजको जनमत भावना, भरोसा र अपेक्षामा आधारित छ । यही यथार्थलाई नबुझी पुरानो सांगठनिक सोचमा अघि बढ्नु वैकल्पिक राजनीतिक शक्तिका लागि आत्मघाती साबित हुन पनि सक्छ ।

### अवसर गुम्ने खतरा

जनताले सामूहिक रूपमा परम्परागत शक्तिप्रति अस्वीकृति जनाउने यस्ता क्षणहरू राजनीतिक इतिहासमा बारम्बार आउँदैनन् । आज सबै तह र तप्काका नागरिक–युवा, मध्यम वर्ग, श्रमिक, उद्यमी र बिदेसिएका परिवार–राज्य सञ्चालनप्रति गहिरो असन्तुष्टि व्यक्त गरि रहेका छन् । यस्तो अवस्थामा वैकल्पिक नेतृत्वले समयमै सही निर्णय गर्न सकेन भने यो ऊर्जा परिवर्तनमा रूपान्तरण हुनै नपाई पुन: निराशामा परिणत हुन पनि सक्छ ।

त्यसैले आजको चुनौती केवल चुनाव जित्ने वा केही सिट सुरक्षित गर्ने मात्र होइन । चुनौती हो–जनआकांक्षालाई संस्थागत, साझा र दिगो राजनीतिक शक्तिमा रूपान्तरण गर्ने । यसका लागि सबैभन्दा ठुलो अवरोध बाहिरी शक्ति होइन । वैकल्पिक भनिएका नेतृत्वहरू भित्र रहेको अहङ्कार, प्रतिस्पर्धा र व्यक्तिगत महत्त्वाकाङ्क्षा हो ।

### त्याग र समर्पणको परीक्षा

ठुला राजनीतिक परिवर्तनहरू त्याग र समर्पणबिना सम्भव हुँदैनन् भन्ने इतिहासले प्रस्ट देखाएको छ । आज कुलमान घिसिङ, बालेन साह, हर्क साम्पाङ, रवि लामिछाने र अन्य वैकल्पिक धाराका नेताहरूबाट पनि जनताले यही अपेक्षा गरेका छन् । नेतृत्वको प्रश्न आज गौण छ। प्रमुख प्रश्न साझा उद्देश्य र साझा यात्राप्रति प्रतिबद्धता नै हो ।आपसी विलय, साझा मोर्चा वा न्यूनतम सहकार्य–जुनसुकै मोडेल किन नहोस्–आजको आवश्यकता स्पष्ट छ : एकअर्कालाई स्वीकार गर्ने राजनीतिक परिपक्वता चाहिएको छ । यो प्रक्रिया पक्कै पनि सजिलो छैन । त्यसका लागी व्यक्तिगत पहिचान, प्रभाव र महत्त्वाकाङ्क्षालाई केही समयका लागि पछि सार्नु पर्ने हुन्छ । राष्ट्र र लोकतन्त्रको हितमा त्यस्तो त्याग अपरिहार्य बन्दै गएको छ ।

### एकता र विखण्डनका सम्भावित परिणाम

यदि कुलमान घिसिङ, बालेन साह र हर्क साम्पाङबिच स्पष्ट एकता र साझा राजनीतिक यात्राको सहमति बन्यो भने त्यसको प्रभाव राष्ट्रिय स्तरमै देखिनेछ । यस्तो शक्तिले परम्परागत दल र राजनीतिक संस्कारमाथि गहिरो चुनौती खडा गर्नेछ र जनसमर्थन अत्यन्त व्यापक बन्न सक्छ ।

पूर्ण एकता सम्भव हुन नसकेको खण्डमा पनि आंशिक सहकार्य–साझा एजेन्डा, चुनावी तालमेल वा न्यूनतम समझदारी–मात्रै गर्न सक्दा पनि वैकल्पिक राजनीतिक शक्ति प्रभावशाली बन्न सक्छ । तर सबै वैकल्पिक नेतृत्वहरू छुट्टाछुट्टै बाटोमा अघि बढे भने आउन सक्ने परिणाम स्पष्टै छ । पक्कै पनि केही सिट त जितिएला, केही दलले थ्रेसहोल्ड पनि पार गर्लान् तर अन्तत: परम्परागत दलहरू नै पुन: सत्ताको केन्द्रमा फर्किने सम्भावना प्रबल रहन्छ । उनीहरूको लामो राजनीतिक अभ्यास र सुदृढ संगठन यसका मुख्य आधार हुन् ।

### निराशाको पुनरावृत्ति कि नयाँ अध्याय ?

यदि वैकल्पिक शक्ति विखण्डित रह्यो भने यसको मूल्य केवल चुनावी हारमा सीमित हुँदैन । यसले जनताको परिवर्तनप्रतिको विश्वासलाई गहिरो चोट पुर्‍याउँछ । यस्तो निराशा लोकतान्त्रिक सहभागिताबाट विमुखता, राजनीतिक उदासीनता वा अस्थिरतामा रूपान्तरण हुन सक्छ, जुन दीर्घकालीन रूपमा देशका लागि घातक हुन्छ । त्यसैले आजको निर्णय सामान्य राजनीतिक रणनीति मात्र होइन । इतिहासप्रतिको जिम्मेवारी हो । आज नेतृत्व ठुलो हुनुको अर्थ पद वा हैसियत होइन । त्याग, समर्पण र साझा प्रतिबद्धता हो ।

त्यसैले, देशले वैकल्पिक राजनीतिक शक्तिलाई अन्तिम अवसरका रूपमा हेरिरहेको छ । कुलमान घिसिङ, बालेन साह, हर्क साम्पाङ, रवि लामिछाने र अन्य नयाँ धाराका नेताका काँधमा तीन करोड नेपालीको अपेक्षा र देशको भविष्य जोडिएको छ। यस्तो अवसर सधैं आउँदैन। यसलाई संस्थागत परिवर्तनको ढोका बनाउने कि गुमेको इतिहास बनाउने–यो निर्णय आजै लिनुपर्नेछ। इतिहास मौन छ । तर निष्क्रिय पक्कै छैन । त्यसले नियालेर हेर्दैछ। नेतृत्व इतिहास बन्नेछ कि इतिहासमा हराउनेछ भन्ने चाहिँ आजका वैकल्पिक शक्तिले जवाफ दिनुपर्ने प्रश्न हो । आशा गरौं पक्कै इतिहासको परीक्षामा यसपटक उनीहरू असफल सिद्ध हुने छैनन् ।

*(साभार: रातोपाटी)*

# चुलिँदै करमा किचलो, राजस्व बक्यौता पौने ३ खर्ब



काठमाडौं/करदाता र सरकारबीचको विवादले राजस्व बक्यौता चुलिँदै गएको छ । आन्तरिक राजस्व विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ सम्म बक्यौता रकम (अपिलमा रहेको समेत) २ खर्ब ७५ अर्ब ५ करोड रुपैयाँ पुगेको छ । यसमध्ये ३ लाख ३० हजार ९१२ करदाताको ९४ अर्ब ९५ करोड रुपैयाँ बक्यौता कायम भएको देखिएको छ । कर विवादपछि २ हजार ९५ करदाताको १ अर्ब ८० अर्ब रुपैयाँ अपिल बक्यौतामा रहेको छ । जसले गर्दा गत आर्थिक वर्षको अन्तिमसम्म पौने ३ खर्ब बक्यौता कायम रहेको विभागको तथ्यांक छ ।

नेपालमा व्यवसाय, रोजगारी र लगानीबाट करयोग्य आय आर्जन गर्ने व्यक्तिले आयकर ऐन २०५८ को दफा ९६ अनुसार स्वयम् घोषणा गरी आय विवरण पेश गर्नुपर्छ । आय विवरण बमोजिमको रकम तोकिएको समयभित्र दाखिला नगरेमा त्यो बक्यौता कायम हुन्छ । यसबाहेक कर परीक्षण तथा अनुसन्धानबाट कर निर्धारण भएमा वा अन्य कुनै कारणले आन्तरिक र ाजस्व कार्यालयबाट आयकर, मूल्य अभिवृद्धि कर, अन्तः शूल्कसहितका कर निर्धारण भई तोकिएको समय भित्र दाखिला नभएमा समेत सो रकम बक्यौता कायम रहन्छ ।

२०८१/८२ को अन्तिमसम्म ब्याज, थप दस्तुर, बिलम्ब शुल्क समेत उठ्न बाँकी कुल बक्यौता ९४ अर्ब ९५ करोड पुगेको हो । साथै कर कार्यालयहरुबाट कर निर्धारण उपर करदाताले चित्त नबुझाई आन्तरिक राजस्व विभागमा पुनरावलोकनमा रहेको तथा न्यायीक निकायमा अपिलमा रहेको विवादित रकम १ खर्ब ८० अर्ब १० करोड रहेको विभागको आँकडा छ ।

**कुन शीर्षकको करमा कति विवाद ?**

विभागका अनुसार सबैभन्दा धेरै बक्यौता र विवादित रकम आयकरमा रहेको छ । कुल १ लाख ९२ हजार ५०९ करदाताको ५४ अर्ब ९६ करोड रुपैयाँ राजस्व बक्यौतामा रहेको छ । उता, अपिलतर्फ समेत सबैभन्दा बढी विवाद आयकरमै रहेको छ ।

कुल १ हजार १११ कर दाताको १ खर्ब ६४ अर्ब १५ करोड रुपैयाँ अपिलमा रहेको छ । यस अनुसार आयकरमा कुल १ लाख ९३ हजार ६२० करदाताको २ खर्ब १९ अर्ब ११ करोड रुपैयाँ बराबर राजस्व बक्यौता रहेको देखिन्छ । मूल्य अभिवृद्धि करतर्फ १ लाख ३६ हजार ४५६ करदाताको ३८ अर्ब ३४ करोड रुपैयाँ रकम बक्यौता देखिन्छ । अपिलमा रहेको रकमतर्फ ७ सय ९७ करदाताको १० अर्ब ३६ करोड रुपैयाँ बक्यौता कायम भएको छ । यस अनुसार कुल ४८ अर्ब ७० करोड रुपैयाँको बक्यौता मूल्य अभिवृद्धि करतर्फ कायम भएको छ । अन्तः शुल्कमा २ सय ८७ करदाताको ६८ करोड रुपैयाँ कर बक्यौता रहेको छ । अपिलमा रहेको रकममा ७७ करदाताको ३ अर्ब ४१ करोड रुपैयाँ बक्यौता छ ।

कुल ३ सय ६४ कर दाताको ४ अर्ब ९ करोड बक्यौता अन्तः शुल्कमा कायम भएको आन्तरिक राजस्व विभागको तथ्यांकमा उल्लेख छ । अन्य शीर्षकमा कुल १ हजार ६६० करदाताको ९७ करोड रुपैयाँ बक्यौता कायम छ । अपिलमा रहेको बक्यौता १ सय १० करदाताको २ अर्ब १८ करोड बक्यौता छ । यसप्रकार कुल १ हजार ७७० कर दाताको ३ अर्ब १५ करोड कुल बक्यौता कायम भएको छ ।

**बक्यौता राजस्व उठाउने तर्फको प्रगति के छ ?**

विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा ४ हजार ५ सय करदातासमक्ष पुगेर संकलन गर्ने लक्ष्य राखिएको थियो । जसमध्ये ५ हजार २५ करदातासमक्ष विभाग पुगेको छ ।

जुन लक्ष्यको १११.६७ प्रतिशत हो । यस आवमा बक्यौता संकलन आयकरतर्फ २२ अर्ब ७६ करोड राखिएको थियो । प्रगति भने ८ अर्ब ७१ करोड रुपैयाँ मात्र भएको छ । जुन लक्ष्यको ३८.२९ प्रतिशत मात्र हो । मूल्य अभिवृद्धि करतर्फ १६ अर्ब ३३ करोड बक्यौता उठाउने लक्ष्य राखिएकोमा १० अर्ब ३३ करोड रुपैयाँ मात्र असुल भएको छ ।

बक्यौता समायोजनमा आयकरतर्फ २७ अर्ब ३८ करोडको लक्ष्य राखिएकोमा २१ अर्ब ३९ करोड प्रगति भएको छ । जुन लक्ष्यको तुलनामा ७१ प्रतिशत प्रगति भएको विभागले जनाएको छ । मूल्य अभिवृद्धि करतर्फ १८ अर्ब १७ करोड लक्ष्य रहेकोमा २२ अर्ब २९ करोड प्रगति भएको छ । जुन लक्ष्यको तुलनामा १२२.६३ प्रतिशत प्रगति हो । कानुनी कारबाही गरी असुल गर्ने कुल लक्ष्य ४ अर्ब ३९ करोड रहेकोमा १ अर्ब ७९ करोड अर्थात् ४०.७७ प्रतिशत असुली भएको छ ।

**प्रशासकीय पुनरावलोकनमा कति निवेदन ?**

विभागका अनुसार प्रशासकीय पुनरावलोकनका लागि चालु आव २०८२/८२ लाई १ हजार ३८१ निवेदन सरेर आएका छन् । आव २०८१/८२ का लागि अघिल्लो आव २०८०/८१ बाट १ हजार ७४२ निवेदन सरेर आएका थिए । आव २०८१/८२ मा कुल ७४१ निवेदन दर्ता हुन आएका थिए । सो आवमा कुल १ हजार १०२ निवेदन फर्स्यौट गरेको तथ्यांकमा देखिन्छ । आन्तरिक राजस्व कार्यालयहरूबाट भएको कर निर्धारणमा चित्त नबुझेमा करदाताले प्रशासकीय पुनरावलोकका लागि निवेदन दिन सक्ने व्यवस्था ऐनमा छ ।

**बेरुजु समेत चुलिँदै**

विभागका अनुसार कर बक्यौतासँगै बेरुजु रकम चुलिँदै गएको छ । आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको कुल बेरुजु रकम १७ अर्ब ६१ करोड रुपैयाँ कायम भएको छ । सो आवको सुरुवातमा ९९ अर्ब ५७ करोड ७८ लाख रुपैयाँ रहेको बेरुजु आवको अन्तिसम्म पुग्दा १ खर्ब २ अर्ब ६७ करोड ६० लाख कायम भएको छ ।

**बक्यौता असुली र बेरूजु फस्यौंटमा विभागको योजना के छ ?**

बक्यौता संकलनका लागि विगत वर्षहरूमा जस्तै कार्ययोजना बनाई संकलन कार्यमा कडाइ गर्ने विभागले जनाएको छ । राजस्व न्यायाधीकरणलगात अन्य न्यायिक निकायमा धेरै मुद्दा टुङ्गो लाग्न बाँकी रहेका कारण कर संकलनमा असर परेको र ठूलो बक्यौता अंक कायम रहेकाले शीघ्र न्याय निरुपणका लागि विभाग र कार्यालयबाट गर्नुपर्ने काम तत्काल सम्पादन गरिने विभागले जनाएको छ ।

विभागको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थालाई छरितो र करदातामा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गर्ने विभागले बताएको छ । कर परीक्षणको कार्यमा कर दातासँग प्रत्यक्ष भेटघाट हुने विद्यमान कार्यविधिलाई फेसलेस बनाउने र यसलाई थप पारदर्शी तथा परिणाममुखी बनाउन विभागले आवश्यक संरचना विस्तारको योजना बनाएको जनाएको छ ।

**विगतको अभ्यास के थियो ?**

लामो समय करका मुद्दाहरू विचाराधीन अवस्थामा रहने र कर बक्यौता थुप्रने गरेसँगै सरकारले कर फर्स्यौट आयोग नै बनाएर काम गर्ने प्रचलन छ । तर, यस्ता आयोगका काम विवादित बन्न पुगे । आयोगका पदाधिकारीले नै आर्थिक अनियमितता गरेको अभियोग प्रमाणित भई कारबाही समेत प्रक्रियामा रहेका उदाहरण छ । आलोचित बनेसँगै अहिले कर फर्स्यौट ऐन नै खारेज भइसकेको छ । जसले गर्दा करसम्बन्धी सबै मुद्दा नियमित अदालती प्रक्रियामा जाने गरेका छन् । यसले बक्यौता थपिरहेको देखिएको हो ।

वर्तमान अर्थमन्त्री रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले राजस्व न्यायाधीकरणको संरचना सुधार गरी स्तर बढाउन सुझाव दिएको थियो । बदनीयतपूर्वक र लगतढंगले कर निर्धारण गर्न नहुने र यस्तो गरेको पाइएमा कारबाही हुने व्यवस्था गर्न समेत सुझाव दिएको थियो । करमुद्दा र विवाद समयमै सल्टाउन आयोगले सुझाव दिएको छ ।

(स्रोतः अनलाइनखबर)

# 'मिरमिरे'को शीर्ष गीतमा दयाहाङ, प्रकाश र सिर्जनाको नृत्य





काठमाडौं/आगामी माघ १ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'मिरमिरे'को शीर्ष गीत 'मिरमिरे भो' सार्वजनिक गरिएको छ । लोक लयमा आधारित यस गीतमा प्रकाश सपूत र मेलिना राईको स्वर रहेको छ भने शब्द तथा संगीत प्रकाश स्वयंको हो । गीतमा युवायुवतीबीचको प्रेम, आकर्षण र आपसी प्रशंसालाई रमाइलो शैलीमा प्रस्तुत गरिएको छ ।

अभी लामाको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निडलेखुलाई देख्न सकिन्छ । भिडियोमा प्रकाश र सिर्जनाले आकर्षक नृत्य प्रस्तुत गरेका छन् भने दयाहाङलाई नृत्यमा खासै जोड दिइएको छैन । गीतले फिल्ममा त्रिकोणात्मक प्रेमकथाको संकेत गरेको छ ।

यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको फिल्ममा दयाहाङ, प्रकाश र सिर्जनासहित माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल लगायतको पनि अभिनय रहेको छ । यार्सा फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माताको रुपमा छन् ।

बाबु-छोरीबीचको भावनात्मक सम्बन्धको कथामा आधारित यस फिल्ममा आलोक शुक्लाको छायांकन, भुपेन्द्र अधिकारी र निमेष श्रेष्ठको सम्पादन तथा प्रकाश सपूत र मनोज थापा मगरको संगीत रहेको छ । फिल्ममा गोविन्द बोहरा र सुदिप कुँवर सह-निर्माता र वितरक समेत रहेका रोहित कट्टेल कार्यकारी निर्मातामा छन् ।

# 'हिट मेसिन' बनेकी अञ्जना: ७ मा ४ फिल्म ब्लकबस्टर



काठमाडौं/फिल्म सफलताको लोभ हरेक कलाकारमा हुन्छ । तर, यसको स्वाद कमैले चाख्न पाउँछन् । पछिल्लो समय फिल्म सफलताको सबैभन्दा बढी सुखभोग गर्ने अभिनेत्रीमा अञ्जना बराइलीको नाम अग्रस्थानमा आउँछ । अहिले उनी कीर्तिमानी अभिनेत्रीको रूपमा समेत परिचित छिन् । उनको मुख्य भूमिका रहेको पछिल्लो फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले बक्स अफिसमा इतिहास रचेको छ ।

चर्चित गीत 'घुमी घुमी'बाट दर्शकमाझ चिनिएकी उनले फिल्म 'महापुरुष'बाट डेब्युको अवसर पाएकी थिइन् । पहिलो फिल्मले नै व्यावसायिक सफलता हासिल गर्दा उनको करिअर एकैपटकमा उत्कर्षमा पुग्यो । यसपछि उनले अतिथि भूमिकामा काम गरेको दोस्रो फिल्म 'चित्रा' असफल भए पनि तेस्रो फिल्म 'पूजार सार्की'ले सफलता हासिल गऱ्यो । यसले लगभग ८ करोड कमाएको छ ।

'पूजार सार्की'को सफलतामा रमाइरहँदा अञ्जनालाई चौथो फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले नसोचेको खुसी दियो । यो उनको करिअरको मात्र नभइ नेपाली फिल्मको इतिहासमा नै सबैभन्दा धेरै कमाउने फिल्म हो । यसपछि आएका उनका दुई फिल्म 'डोरी' र 'महाभोज' भने नराम्ररी डुबे । तर, उनलाई यी दुई फिल्मको असफलताले दिएको पीडा अर्को फिल्म 'परान'ले भुलाइदिएको छ ।

गत कात्तिक १४ गते प्रदर्शन भएको यस फिल्मले शनिबार ५१ दिन पूरा गर्दै बक्स अफिसमा झन्डै १८ करोड कमाएको छ । योसँगै नेपाली फिल्मको इतिहासमा 'परान' सर्वाधिक कमाउने चौथो फिल्म बनेको छ । यसको सफलताले अञ्जनालाई अझ फाइदा पुगेको देखिन्छ । किनकि, उनको अभिनय 'सारङ्गी'मा भन्दा बढी रूचाइएको छ । यसैले यतिबेला फिल्ममा उनको माग निकै बढेको छ ।

लगातार फिल्म सफल हुँदा उनले पारिश्रमिक पनि ह्वात्तै बढाएकी छन् । नयाँ फिल्म 'परिवर्तन'मा २० लाख पारिश्रमिक लिएकी उनले 'परान'को सफलतापछि २५ लाखसम्म डिमान्ड गर्न थालेको बताइन्छ । हुन त लगातार फिल्म चल्दा सुनभन्दा महंगो बन्ने र फिल्म चल्न छाडेपछि पित्तलभन्दा सस्तो बन्ने नेपाली कलाकारहरूको बानी नै छ । अब अञ्जनाको हकमा के हुन्छ, हेर्न बाँकी छ ।

# कांग्रेसमा तल्लो तहको महाधिवेशन तालिका सार्ने तयारी

काठमाडौं/नेपाली कांग्रेसको १५ औं महाधिवेशनका लागि निर्धारित कार्यतालिकाअनुसार वडा अधिवेशन सुरू नहुने निश्चितप्रायः देखिएको छ । क्रियाशील सदस्यता नवीकरण र वितरणको काममा ढिलाइ भएकाका कारण १६ पुसमा हुने भनिएको वडा अधिवेशन नहुने जस्तै देखिएको छ । कांग्रेसको 'क्रियाशील सदस्यता व्यवस्थापन समिति' समय तालिका अनुसार क्रियाशील सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्न असफल भएको छ ।

१५ मंसिरमा सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले २५ मंसिरभित्र नवीकरण नभएका, छुटेका, विवरण पठाउन बाँकी र हेका जिल्लाले जिल्ला कार्यसमितिको बैठकको निर्णय, नवीकरणको सूचीको अन्तिम नामावली र रकम केन्द्रमा पठाउन भनेको थियो । निर्धारित समयावधिभित्र नवीकरणको काम सम्पन्न हुने नदेखिएपछि 'क्रियाशील सदस्यता व्यवस्थापन समिति'ले २४ मंसिरमा चार दिनका लागि म्याद थप गरेको थियो ।

समिति संयोजक गगन कुमार थापा (महामन्त्री)ले जिल्ला सभापतिहरूलाई २९ मंसिरभित्र नवीकरणको काम सम्पन्न गर्न र ३ पुसभित्र केन्द्रमा पठाइसक्ने गरी काम गर्न निर्देशन दिएका थिए । तर, समितिले थप गरिएको समयावधिमा पनि क्रियाशील सदस्यता नवीकरण र वितरणको काम सम्पन्न नभएको जनाएको छ । समिति सदस्य योगेन्द्र चौधरीले भने, 'प्रयास त हामीले सबै गऱ्यौं । तर, कार्यतालिकाभित्र क्रियाशील टुंग्याउन सकेनौं ।'

उनले कार्यतालिका अनुसार काम सम्पन्न नभए पनि समितिले गरेको अपेक्षाअनुसार काम भइरहेको प्रतिक्रिया दिए । नवीकरणको काम दुई-तीन दिनमा सकिने र नयाँ सदस्यताको डाटा क्षेत्रीय कार्यसमितिहरूले अपलोड गरिरहेको सूचना समितिसँग रहेको चौधरीको भनाइ छ ।

'क्रियाशीलबारे जसरी कार्यतालिकामात्रै आउँछ, सदस्यता टुंगिदैन भन्ने आम बुझाइ थियो । त्यसमा सत्यता जस्तै देखिएता पनि हामीले अनुमानभन्दा धेरै काम गरेका छौं,' उनले भने, 'नवीकरणको काम दुई-तीन दिनमा सकिन्छ । नयाँ पनि अपलोड गर्ने काम क्षेत्र-क्षेत्रले गरिरहेको हामीलाई सूचना प्राप्त भएको छ ।'

**महाधिवेशन कार्यतालिका हेरफेरको तयारी**

सदस्यता नवीकरण र वितरणको काम तोकिएको मितिमा सम्पन्न नभएपछि नेतृत्व तहमा महाधिवेशन कार्यतालिका हेरफेरका लागि छलफल चलिरहेको छ । यस विषयमा सभापति शेरबहादुर देउवाले शनिबार कार्यवाहक सभापति पूर्णबहादुर खड्का, उपसभापति धनराज गुरूङ र महामन्त्रीद्वय गगन थापा तथा विश्वप्रकाश शर्मासँग छलफल गरेका थिए ।

समिति सदस्य चौधरीले पनि शीर्ष नेताहरूका बीचमा कार्यतालिका हेरफेरबारे छलफल भइरहेको बताए । 'कार्यतालिका केही न केही रूपमा प्रभावित भइ नै सकेको छ,' उनले भने, 'नेताहरूका बीचमा थोरै हेरफेर गर्ने गरिको छलफल सुरू भएको छ । अब केही दिनमा सहमति मै नयाँ कार्यतालिका आउँछ ।' महामन्त्री थापाले समिति बैठकमा २१ फागुनका लागि तय भएको निर्वाचनअगावै महाधिवेशन सम्पन्न गर्ने परिस्थिति निर्माणका लागि नेतृत्वसँग छलफल भइरहेको जानकारी गराएका छन् । 'अस्ती सभापति, कावा सभापति, उपसभापति र महामन्त्रीहरू बीच छलफल भयो,' चौधरीले भने, 'महामन्त्रीज्यूले समितिमा सभापतिसँग छलफलमा छु, नयाँ कार्यतालिकालाई कसरी सहमतिमा टुंग्याउन सकिन्छ, निर्वाचनअगावै सम्पन्न गर्ने परिस्थिति निर्माणका लागि छलफलमा छु भन्नुभएको छ ।'

समिति संयोजक थापाले पनि १६ पुसका लागि निर्धारण गरिएको वडा अधिवेशन तलमाथि हुने बताएका छन् । 'वडाको अधिवेशन तिथिका सन्दर्भमा एक-दुई दिन तलमाथि होला,' उनले भने । महामन्त्री थापाले अधिवेशनबिना कांग्रेस प्रतिनिधिसभा निर्वाचनमा नजाने पनि जिकिर गरे । 'अहिले जसरी बाहिर अधिवेशन रोकिन्छ, स्थगित हुन्छ भनिदैछ, त्यस्तो हुँदैन,' उनको भनाइ छ, 'कि नियमित अधिवेशन सरासर अगाडि बढ्छ कि विशेष महाधिवेशन हुन्छ । त्योभन्दा अर्को कुरा केही पनि छैन । अधिवेशनबिना नेपाली कांग्रेस पार्टी निर्वाचनमा जाँदैन । जानु हुँदैन । जान सक्दैन । क्लियर यसमा ।'

प्रवक्ता डा प्रकाशशरण महत भने अहिले तोकिएको समयमा महाधिवेशन गर्न समय अपुग भएको र सम्भव पनि नभएको बताउँछन् । 'नेताहरूबीच माघमा महाधिवेशन सार्ने कुरा भइरहेको बुझियो । तर, यो पनि सम्भव हुने मिति होइन,' महतले भने, 'फागुन २१ मा निर्वाचन हुने अवस्था भयो भने चुनावमा जाने कि महाधिवेशनमा ?' उनले निर्वाचन हुने अवस्था आए माघमा पनि प्रतिनिधि सभा निर्वाचन नहुने बताए । 'फागुनको निर्वाचन हुने अवस्था बन्यो भने त निर्वाचनपछि नै महाधिवेशन हुन्छ । मिति बैठक बसेर तय भइहाल्छ' उनले थपे ।

(स्रोतः अनलाइनखबर)

# पाँच महिनामा वैदेशिक व्यापार ९ खर्ब नजिक

काठमाडौं/चालु आर्थिक वर्ष २०८२/८३ पहिलो पाँच महिनामा वैदेशिक व्यापार ९ खर्ब रुपैयाँ नजिक पुगेको छ । भन्सार विभागका अनुसार मंसिर मसान्तसम्म ८ खर्ब ८२ अर्ब ६९ करोड बराबर वैदेशिक व्यापार भएको छ । जुन गत आव सोही अवधिको तुलनामा २०.०७ प्रतिशतभन्दा धेरै हो । गत आव २०८१/८२ मंसिरसम्म ७ खर्ब ३५ अर्ब १४ करोड बराबर वैदेशिक व्यापार भएको तथ्यांक छ ।

आयात र निर्यात दुवै वृद्धि हुँदा समग्र वैदेशिक व्यापार उकालो लागेको तथ्यांकले देखाएको छ । विभागका अनुसार मंसिर मसान्तसम्म ७ खर्ब ६६ अर्ब १८ करोड बराबर वस्तु आयात भएको छ । जुन गत आव सोही अवधिको तुलनामा १५.८३ प्रतिशत धेरै हो । निर्यात भने १ खर्ब १६ अर्ब ५० करोड बराबर भएको छ । यो गत आवको तुलनामा ५८.१७ प्रतिशत धेरै हो । कुल वैदेशिक व्यापारको आकार २० प्रतिशतले वृद्धि भए पनि व्यापार घाटा भने १०.५२ प्रतिशतले बढेको छ । यसो हुनुमा निर्यातमा उल्लेख्य वृद्धि हुनु हो । मंसिर मसान्तसम्म व्यापार घाटा ६ खर्ब ४९ अर्ब ६८ करोड बराबर भएको छ । गत आव सोही अवधिमा व्यापार घाटा ५ खर्ब ८७ अर्ब ८२ करोड बराबर थियो । कुल वैदेशिक व्यापारमा आयात हिस्सा केही खस्किएको छ । जुन ३.५३ प्रतिशतले घटेर ८६.८० प्रतिशत कायम भएको छ । त्यस्तै निर्यात हिस्सा ३१.७३ ले बढेर १३.२० प्रतिशत कायम भएको भन्सार विभागको तथ्यांक छ ।

मंसिर मसान्तसम्मको वैदेशिक व्यापार
आयात : ७ खर्ब ६६ अर्ब
निर्यात : १ खर्ब १६ अर्ब
व्यापार घाटा : ६ खर्ब ४९ अर्ब
कुल वैदेशिक व्यापार : ८ खर्ब ८२ अर्ब
आयात/निर्यात अनुपात : ६.५८
निर्यात हिस्सा : १३.२० प्रतिशत
आयात हिस्सा : ८६.८० प्रतिशत

इन्धन आयातले जित्यो निर्यात

अघिल्लो महिनासम्म इन्धन आयातको तुलनामा कुल निर्यात माथि थियो । पाँचौं महिना पुग्दा कुल निर्यातलाई इन्धन आयातले जितेको छ । इन्धन आयातका लागि ५ महिनामा १ खर्ब २१ अर्ब रुपैयाँ विदेशिएको छ । कुल निर्यात भने १ खर्ब १६ अर्बमा सीमित छ । विभिन्न प्रकारका तेल र घिउ तथा कच्चापदार्थ आयात दोस्रो स्थानमा छ । जुन ६३ अर्ब १४ करोड बराबर भएको छ । त्यस्तै आइरन र स्टिल आयात ५४ अर्ब ६ करोड बराबर भएको देखिन्छ । इलेक्ट्रिकल मेसिनरी र पाटर्स आयातमा ५३ अर्ब ९३ कर ोड विदेशिएको छ । सवारीसाधन आयात ४७ अर्ब १९ करोड बराबर आयात भएको छ । यस्तै मल आयातमा ३२ अर्ब १५ करोड खर्च भइसकेको देखिन्छ ।

(स्रोतः अनलाइनखबर)

# मंसिरका फिल्मको व्यापार: 'पीआर'ले साढे ६ लाख कमाउँदा 'चिराग'को ६८ हजार

काठमाडौं/यस वर्षको मंसिर महिनामा नेपाली फिल्मको व्यापार निकै दयनीय देखिएको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस तथ्यांक अनुसार मंसिरमा प्रदर्शन भएका ५ फिल्मले एक करोडको पनि व्यापार गर्न सकेका छैनन् । मंसिरमा सबैभन्दा कम व्यापार गर्नेमा फिल्म 'चिराग'को रहेको छ । यसले गत शनिबारसम्म ६८ हजार ४५० रुपैयाँ ग्रस कमाएको छ ।

'चिराग'पछि न्यून व्यापार फिल्म 'लोकन्ती'को देखिन्छ । यसले पुष ५ गते शनिबार ११:५५ बजेसम्म घरेलु बक्स अफिसमा ४ लाख १ हजार ३४० रुपैयाँ मात्र कमाएको छ । शोभित बस्नेतको निर्देशनमा बनेको फिल्म 'पीआर'को व्यापार पनि उस्तै उदेकलाग्दो छ । यसले प्रदर्शनको ९ दिनमा जम्मा ६ लाख ६८ हजार ६३३ रुपैयाँ ग्रस व्यापार गरेको छ ।

मंसिरका दुई फिल्म 'हर्ष' र 'अभिमन्यु'ले भने २० लाखको आँकडा पार गरेका छन् । 'हर्ष'ले शनिबारसम्म २८ लाख ७८ हजार ५३६ रुपैयाँ र 'अभिमन्यु'ले २१ लाख ४८ हजार ७०२ रुपैयाँ ग्रस कमाएका छन् । यसरी हेर्दा मंसिरमा कुनै फिल्मले लगानी उठाउन सकेको देखिँदैन । यी ५ फिल्मबाट करिब ५ करोड रुपैयाँ 'बालुवामा पानी' खन्याएजस्तै भएको छ ।

गत कात्तिक १४ गतेबाट प्रदर्शनमा आएको फिल्म 'परान'ले भने ५१ दिनसम्म १७ करोड ६१ लाख ५ हजार २८८ रुपैयाँ ग्रस व्यापार गरेको बोर्डको तथ्यांकमा देखिन्छ । यसको ६ लाख २५ हजार ६२५ वटा टिकट बिक्री भएका छन् । योसँगै 'परान' यस वर्षको सबैभन्दा धेरै कमाउने फिल्मसँगै इतिहासमा सर्वाधिक व्यापार गर्ने चौथो फिल्म बनेको छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहामा डिजिटलरुपमा नतिजा सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ मकवानपुर थाहा नगरपालिकाको झम्केश्वरी माध्यमिक विद्यालयले अर्धवार्षिक परीक्षा, २०८२ को नतिजा प्रकाशन, अभिभावक भेला तथा अन्तर्क्रिया कार्यक्रम भव्यरुपमा सम्पन्न गरेको छ ।

शैक्षिक गुणस्तर अभिवृद्धि र प्रविधिमैत्री शिक्षण प्रणालीलाई प्राथमिकता दिँदै आएको विद्यालयले यसवर्ष थाहा नगरपालिकामै पहिलोपटक विद्यार्थीको फोटो, नाम र ग्रेडसहित डिजिटलरुपमा नतिजा सार्वजनिक गरेर नयाँ अभ्यासको सुरुवात गरेको हो । डिजिटल माध्यमबाट सार्वजनिक गरिएको नतिजाले पारदर्शिता, विश्वसनीयता र सहज पहुँच सुनिश्चित गरेको भन्दै कार्यक्रममा सहभागी अभिभावक तथा विद्यार्थीले खुशी र उत्साह व्यक्त गरेका थिए । यस अभ्यासले विद्यालयप्रति अभिभावकको विश्वास अझ बलियो बनाएको उनीहरुको धारणा थियो ।



विद्यालय व्यवस्थापन समिति सदस्य रजना प्रधानको सभाध्यक्षतामा भएको अभिभाव भेलामा प्रधानाध्यापक गणेशमान श्रेष्ठले झम्केश्वरी माध्यमिक विद्यालयलाई समयसापेक्ष, गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको केन्द्रकारुपमा विकास गर्ने उद्देश्यसहित विद्यालय अघि बढिरहेको स्पष्ट पारे । आजको प्रतिस्पर्धात्मक युगमा पाठ्यपुस्तक केन्द्रित शिक्षामात्र पर्याप्त नहुने बताउँदै उनले डिजिटल प्रविधि, व्यवहारिक सिकाइ र विद्यार्थीमैत्री वातावरण अपरिहार्य भएको उल्लेख गरे ।

प्रधानाध्यापक श्रेष्ठले विद्यालयमा पछिल्ला वर्षमा दैनिक अनलाइन हाजिरी, अनलाइन गृहकार्य वितरण तथा मूल्यांकन, नियमित आन्तरिक परीक्षण, डिजिटल नतिजा प्रणाली जस्ता अभ्यासलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको जानकारी दिए । अर्धवार्षिक परीक्षाको नतिजा विद्यार्थीको फोटो र ग्रेडसहित सार्वजनिक गर्नु पारदर्शी शिक्षा प्रणालीतर्फको महत्वपूर्ण कदम भएको उनको भनाइ थियो । उनले विद्यालय र अभिभावकबीचको सहकार्यलाई विशेष महत्व दिँदै घर- विद्यालय समन्वयबिना गुणस्तरीय शिक्षा सम्भव नहुने धारणा राखे ।

शिक्षकहरुको समर्पण, मेहनत र निरन्तर क्षमता विकासले विद्यालयलाई शैक्षिकरुपमा अगाडि बढाइरहेको बताउँदै उनले योग्य र प्रतिबद्ध शिक्षक नै विद्यालयको मुख्य शक्ति भएको उल्लेख गरे । आगामी योजनाबारे जानकारी दिँदै प्रधानाध्यापक श्रेष्ठले स्मार्ट कक्षा विस्तार, डिजिटल पुस्तकालय, प्रविधिमैत्री शिक्षण सामग्री, जीवनोपयोगी सीप विकास कार्यक्रम जस्ता योजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने जानकारी दिए । विद्यार्थीलाई सक्षम, अनुशासित र जिम्मेवार नागरिक बनाउने लक्ष्यसहित विद्यालय अघि बढिरहेको उनको भनाइ थियो ।

कार्यक्रममा सहायक प्रधानाध्यापक रक्षा सुवेदीले झम्केश्वरी माध्यमिक विद्यालयलाई थाहा नगरपालिकाको उत्कृष्ट शैक्षिक हबकारुपमा स्थापित गर्न शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय समुदाय सबै एकजुट भएर लागि रहेको जानकारी दिइन् । गुणस्तरीय शिक्षा, अनुशासित वातावरण र आधुनिक प्रविधिको प्रयोगले विद्यालयले छुट्टै पहिचान बनाउँदै गएको उनको भनाइ थियो । उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो । पुरस्कार वितरणले विद्यार्थीमा प्रतिस्पर्धात्मक भावना र अध्ययनप्रति थप लगाव बढाएको अभिभावकको धारणा थियो ।

विद्यालयको शैक्षिक उपलब्धि उल्लेख गर्दै कार्यक्रममा गतवर्षको एसईई परीक्षामा थाहा नगरपालिकामै प्रथम स्थान हासिल गर्ने विद्यार्थी उत्पादन गर्न विद्यालय सफल भएको जानकारी गराइएको थियो । यो उपलब्धिले विद्यालयको शिक्षण प्रणाली, शिक्षकको समर्पण तथा विद्यार्थीको मेहनतलाई प्रमाणित गरेको बताइएको थियो । अन्तर्क्रियामा अभिभावकले विद्यालयको शैक्षिक वातावरण, प्रविधिमैत्री अभ्यास र अनुशासनप्रति प्रशंसा व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी सहकार्यको अपेक्षा गरेका थिए ।

# मुख्यमन्त्री बानियाँद्वारा कैलाश-४ स्थित प्रजा विद्यालयको निरीक्षण




साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/कैलाश गाउँपालिका-४ धुसराङस्थित प्रजा उत्थान प्राथमिक विद्यालयको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले निरीक्षण गरेका छन् ।

विशेषगरी चेपाङ समुदायका बालबालिका अध्ययनरत विद्यालयको भौतिक तथा शैक्षिक अवस्थाबारे मुख्यमन्त्री बानियाँले चासो राखेका हुन् । भौगोलिकरुपमा विकटस्थानमा रहेको विद्यालय चर मआर्थिक संकटबाट गुज्रिरहेको विद्यालयकी प्रधानाध्यापक कल्पना प्रजाले जानकारी दिइन् । कक्षा ५ सम्म मात्रै पढाइ हुने यो विद्यालयका विद्यार्थी कक्षा ५ भन्दा माथिको अध्ययनका लागि करिब दुईघन्टा पैदल हिँडेर पलाँसे वा कालिकाटार जानुपर्ने बाध्यता रहेको छ । विद्यालयमा पर्याप्त भवनको अभाव, शिक्षण सामग्रीको कमी तथा शिक्षक संख्या अपुग रहेको छ ।

विद्यालयमा घेराबारा नहुँदा बाहिरी व्यक्ति तथा पशुचौपाय सहजै कक्षा कोठासम्म पुग्ने समस्या रहेको छ । हाल विद्यालयमा १ सय ५५ जना विद्यार्थी अध्ययनरत छन् । जसमध्ये १ सय ५१ जना चेपाङ समुदायका बालबालिका रहेका छन् । विद्यालयमा एकजना मात्रै स्थायी शिक्षक कार्यरत छन् भने दुईजना अस्थायी र एकजना निजीस्रोतबाट व्यवस्थापन गरिएको छ । एक संस्थाले पोशाक तथा शैक्षिक सामग्री सहयोग गर्दै आएपनि त्यो पर्याप्त नभएको विद्यालयले जनाएको छ । भवन अभावकै कारण पुरानो भवनमा कक्षा सञ्चालन गर्नुपरेको अवस्था छ । प्रधानाध्यापक प्रजाका अनुसार, यदि थप भवन निर्माण र शिक्षक व्यवस्थापन गर्न सकिएमा विद्यालयमा माथिका थप दुई कक्षा सञ्चालन गर्न सकिने अवस्था रहेको छ ।

पर्याप्त विद्यार्थी संख्या हुँदाहुँदै पनि शिक्षक अभावले पठनपाठनमा समस्या भइरहेको उनको भनाई छ । विद्यालय टाढा भएकै कारण साना बालबालिकालाई लामो दूरी पैदल हिँडेर पठाउन कठिनाइ हुने स्थानीय अभिभावकले गुनासो गरेका छन् । कतिपय अभिभावकले एकदुई वर्षसम्म विद्यालय नपठाई उमेर बढेपछि मात्रै कक्षा ६ मा अन्य विद्यालयमा भर्ना गराउने गरेको पनि स्थानीयले बताएका छन् । निरीक्षणका क्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारको तर्फबाट विद्यालयका लागि दुईवटा नयाँ भवन निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बाल विकास कक्षामा अध्ययनरत बालबालिकाका लागि खेलकुद सामग्री तथा आवश्यक शैक्षिक सामग्री प्रदेश सरकारले उपलब्ध गराउने उनले बताए । शिक्षक अभाव समाधानका लागि पालिकामार्फत् आवश्यक पहल गर्ने उनको भनाइ रहेको छ । प्रजा दम्पतिलाई घर हस्तान्तरणका लागि धुसराङ पुग्ने क्रममा मुख्यमन्त्री बानियाँले यो विद्यालयको निरीक्षण गरेका हुन् ।

# आगोताप्ने क्रममा कपडामा सल्किएर ५ वर्षीया बालिका घाइते



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ मकवानपुरको बकैया गाउँपालिका-८ शिशिरदमारस्थित एक कुखुरा फर्ममा आगोताप्ने क्रममा कपडामा सल्किएर ५ वर्षीया बालिका घाइते भएकी छन् ।

चितवनको राप्ती नगर पालिका-१ लोथर घरभई हाल मकवानपुर बकैया गाउँपालिका-८ शिशिरदमारमा बस्दै आएका रमेश फुँयालको कुखुरा फर्ममा कार्यरत दिलबहादुर प्रजाकी करिब ५ वर्षीया छोरी सोनिया प्रजा आगोताप्ने क्रममा घाइते भएकी हुन् । प्रहरीका अनुसार मंगलबार बिहान करिब ९ बजे फर्मको कम्पाउन्डभित्र सँगै आगोतापेर बसिरहेकी बालिकाकी आमा सानुमाया प्रजा बाहिर निस्किएको बेला अचानक बालिकाको कपडामा आगो सल्किदा छाती र घाँटीमा पोलेको थियो ।

घाइते बालिकालाई उपचारका लागि आमा सानुमाया प्रजाले दिउँसो करिब १२ बजे हेटौंडा अस्पताल ल्याएकी थिइन् । अस्पताल स्रोतका अनुसार बालिकाको अवस्था मध्यम रहेको छ । घटनाबारे अस्पतालमा खटिएको प्रहरी कर्मचारी मार्फत जानकारी प्राप्त भएपछि इलाका प्रहरीचौकी हात्तिसुँडे, मकवानपुरबाट प्रहरीटोली घटनास्थल तर्फ खटिएको थियो । घटनास्थल प्रहरीचौकी हात्तिसुँडेबाट करिब ५ किलोमिटर पूर्वतर्फ पर्दछ । घटनासम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बागमतीको मुख्य न्यायाधिवक्तामा बस्नेत नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/बागमती प्रदेशको मुख्य न्यायाधिवक्तामा अधिवक्ता अप्सरा बस्नेत नियुक्त भएकी छिन् । प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम आइतबार बस्नेतलाई मुख्य न्यायाधिवक्ताको रुपमा नियुक्त गरेका हुन् ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको सिफारिसमा बस्नेतलाई जिम्मेवारी प्रदान गरिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । अधिवक्ता बस्नेत मुख्य न्यायाधिवक्ता नियुक्त हुने पहिलो महिला हुन् । यसअघि दोलखाका अधिवक्ता सुकदेव काफ्ले मुख्य न्यायाधिवक्ताको जिम्मेवारीमा रहेका थिए । काफ्लेले राजीनामा दिएपछि रिक्त पदमा बस्नेतको नाम सिफारिस गरिएको थियो ।

नवनियुक्त मुख्य न्यायाधिवक्ता बस्नेत जिल्ला बार एसोसिएसन मकवानपुरकी निवर्तमान अध्यक्षसमेत हुन् । मुख्य न्यायाधिवक्ताको हैसियतमा बस्नेतले प्रदेश सरकारको तर्फबाट कानुनी सल्लाह प्रदान गर्ने, मुद्दा मामिलामा प्रतिनिधित्व गर्ने तथा संविधान र कानुन बमोजिमका अन्य दायित्वहरु निर्वाह गर्नु पर्नेछ ।

# श्रमिक माविले हीरक जयन्ती विविध कार्यक्रम गरी मनाउने



साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ हेटौंडा-४ करास्थित श्रमिक माध्यमिक विद्यालयले ६० औं वार्षिक उत्सव (हीरक जयन्ती) विविध कार्यक्रम गरी मनाउने भएको छ ।

सोमबार पत्रकार सम्मेलन गर्दै विद्यालयले बुधबारदेखि विविध कार्यक्रम गरी उत्सव मनाउने जानकरी दिएको हो । वार्षिक उत्सवको अवसरमा विद्यालयले १४ गतेसम्म जिल्लास्तरीय, नगरस्तरीय र विद्यालयस्तरीय विभिन्न कार्यक्रम आयोजना गर्ने विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिए । उनका अनुसार उत्सवको अवसरमा विद्यालयले जिल्लास्तरीय शिक्षक हाजिरीजवाफ, जिल्लास्तरीय चित्रकला प्रतियोगिता, नगरस्तरीय छात्र फुटबल, वडास्तरीय अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नेछ ।

यसैगरी नृत्य प्रतियोगिता, पूर्वविद्यार्थी पुनर्मिलन कार्यक्रम, अभिभावक अभिमुखीकरणसहित विभिन्न खेलकूद र मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्ने विद्यालयले जनाएको छ ।

विद्यालयले यसअघि दुईपटक वार्षिक उत्सव मनाएको र यो वर्ष हीरक जयन्तीको रुपमा मनाउने प्रधानाध्यापक दाहालले बताए । २०७७ सालतिर २ सय जना विद्यार्थीमा सीमित भएको विद्यालयमा हाल ८ सय जना विद्यार्थी अध्ययनरत छन् ।

# राक्सिराङको बिकट वडामा पहिलोपटक ईन्टरनेट बिस्तार

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ राक्सिराङ गाउँपालिकाकै सबै भन्दा बिकट वडा मानिने वडा नम्बर ७ मा पहिलोपटक ईन्टरनेट सेवाले प्रवेश पाएको छ । वडा नम्बर ६ को सिलिङ्गेबाट निरन्तर ५ दिनको प्रयासमा ७ नम्बरमा नेट प्रदायक संस्था फाईवर वर्ल्डले आफ्नो सेवा बिस्तार गरेको हो ।



वडाअध्यक्ष रामबहादुर प्रजाले जुरेथुमका स्थानीय तथा वडासदस्य सुनिल ब्लोनको घरमा जडान गरिने राउटर सेवाग्राहीलाई हस्तान्तरण गर्दै सेवाको सुरुवात भएको घोषणा गरेका छन् । नेट सेवा प्रदायक संस्था फाईवर वर्ल्डले जुरेथुम हुँदै सिलाधुनी र क्रमश वडाको महत्वपूर्ण स्थान र अन्य स्थानीय जनतालाई सेवा प्रदान गरिनेछ । गाउँपालिकासँगै विद्यालय, स्वास्थ्यचौकी र वडा कार्यालयमा नेट जडान गर्नुपर्ने गरी नेट प्रदायक संस्थाले काम गर्ने वडाअध्यक्ष प्रजाले जानकारी दिए ।

# सीमखोलामा नाईट्राजेपाम सहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ मकवानपुर प्रहरीले प्रतिबन्धित लागूऔषध नाईट्राजेपाम सहित रौतहटका दुईजना पक्राउ गरेको छ । रौतहटका परोहा-६ बस्ने २३ वर्षीय शेख महफुल आलम र २० वर्षीय शाहिल शेखलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कुलेखानी-काठमाडौं सडक खण्डअन्तर्गत इन्द्रसोबर-२ स्थित सीमखोलामा सवारी साधनहरु रोकी चेकजाँच गर्ने क्रममा कुलेखानीबाट काठमडौंतर्फ जाँदै गरेको बा ५१ प २२०९ नम्बरको मोटरसाईकलसहित उनीहरुलाई पक्राउ गरिएको हो । मोटर साईकलको सिटमुनि लुकाईछिपाई राखिएको अवस्थामा लागूऔषध नाईट्राजेपाम २०० पिस ट्याबलेट फेला परेको प्रहरीको भनाइ छ । मोटरसाईकल चालक महफुल र पछाडि सवार शाहिललाई हिरासतमा राखी मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

# नेपाल जेसीज राष्ट्रिय कार्यकारिणी उपाध्यक्षमा विकेशलाल निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/नेपाल जेसीज वर्ष २०२६ का लागि राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष पदमा हेटौंडाका विकेशलाल श्रेष्ठ निर्वाचित भएका छन् ।

नेपाल जेसीजको आयोजना तथा जनकपुर जेसीजको समन्वयमा सम्पन्न ५२ औं राष्ट्रिय महाधिवेशन अन्तर्गत आइतबार सम्पन्न निर्वाचनबाट श्रेष्ठ निर्वाचित भएका हुन् । यो पदका लागि ६ जना उम्मेदवार प्रतिस्पर्धामा रहेकामा ४ जना कार्यकारिणी उपाध्यक्षमा निर्वाचित भएका थिए । जसअन्तर्गत विकेशलाल श्रेष्ठ पनि एक हुन् । श्रेष्ठ हेटौंडा जेसीज वर्ष २०२४ का शाखाअध्यक्ष तथा नेपाल जेसीज वर्ष २०२५ का राष्ट्रिय महासचिव रहिसकेका छन् । उनी मकवानपुरमा रहेर विभिन्न संघसंस्थाको प्रतिनिधित्व गर्दै समाजसेवामा सक्रिय रहँदै आएका छन् ।


*"मेरो विद्यालय, मेरो सहभागिता"*

## श्री निर्मल माध्यमिक विद्यालय

हेटौंडा-१९, वस्तिपुर

को

## स्वर्ण महोत्सव

कार्यक्रम समय तालिकाः

| क्र.सं. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०८२ पौष ८ गते | विहान ११ वजे | वागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय ईन्द्र ब. वानियाँ ज्यूबाट समुद्घाटन स्तम्भ अनावरण, विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक, स्काउट मार्च प्रतियोगिता |
| २. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगरप्रमुख श्री मीनाकुमारी लामाज्यूवाट पालिकास्तरीय पुरुष भलिवल प्रतियोगिता उद्घाटन |
| ३. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगर उपप्रमुख श्री राजेश वानियाँज्यू बाट जिल्लास्तरीय शिक्षक नृत्य प्रतियोगिता उद्घाटन |
| ४. | २०८२ पौष १० गते | विहान ८ वजे | प्रतिनिधि सभाका नि. माननीय श्री महेश वर्तौलाज्यूवाट सम्पूर्ण रोगहरुको उपचार सुविधा सहित वृहत स्वास्थ्य शिविर, रक्तदान, उद्घाटन |
| ५. | २०८२ पौष १० गते | विहान ११ वज | नगरस्तरीय विधार्थी हाजिरीजवाफ प्रतियोगिता |
| ६. | २०८२ पौष ११ गते | विहान ११ वजे | माननीय कुमारी मुक्तानज्यूवाट नगरस्तरीय विधार्थी नृत्य प्रतियोगिता उद्घाटन |
| ७. | २०८२ पौष १२ गते | दिउसो ३ वजे | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री दिनेशचन्द्र देवकोटाज्यूबाट समापन कार्यक्रम |

**नोट**ः सास्कृतिक कार्यक्रम र खाना तथा व्यापार मिनि महोत्सव ५ दिन सम्म सञ्चालन रहनेछ ।
कार्यक्रमको श्रोत पूर्वाधारका कार्यहरु सरकारी निकायहरुवाट र वाकी समाजसेवी, अभिभावक, ईच्छुक महानुभावहरु र पुर्व विधार्थीहरुवाट उठाएको रकम ।

आयोजकः
**श्री निर्मल माध्यमिक विद्यालय स्वर्ण महोत्सव मूल समारोह समिति**
हेटौंडा-१९, वस्तिपुर, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.ः ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना